आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०८ जुलाई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१.प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अष्ट्रियाको तीनदिने औपचारिक भ्रमणका लागि आज मस्को पुग्नुभएको छ।

२.प्रधानमन्त्री नरेन्द्र मोदीले भारत एक शान्तिपूर्ण र स्थिर क्षेत्रको निम्ति सहायक भूमिका निभाउन इच्छुक रहेको बताउनुभएको छ स

३.सर्वोच्च न्यायालयले आज नेशनल एलिजिबिलिटी-एंट्रेंस टेस्टए नीट-यूजी संग सम्बन्धित याचिकाहरु माथी सुनवाई गरेको छ स

४.पश्चिम बंगालको नगरपालिका भर्ती घोटाला मामिलामा केन्द्रिय अन्वेषण ब्यूरो (सीबीआई)-ले आरोपपत्र दर्ता गरेको छ।

५.मिरिक अन्तर्गत सौरैनी ग्रीन लन स्कुलका छात्रा सृष्टि प्रधानले सी.आइ.एस.सी.ई (बैब्म्द्ध गेम्स् एण्ड स्पोर्टस् २०२४ प्रतियोगितामा दोस्रो स्थान हासिल गरेकी छन्।

प्रधानमन्त्री नरेन्द्र मोदी रुस

प्रधानमन्त्री नरेन्द्र मोदी रुस र अष्ट्रियाको तीनदिने औपचारिक भ्रमणका लागि आज मस्को पुग्नुभएको छ। उहालाई मस्को विमानस्थलमा गार्ड अफ अनर प्रदान गरियो । प्रधानमन्त्री श्री मोदीलाई रुसका प्रथम उपप्रधानमन्त्री डेनिस मान्टुरोभले स्वागत गर्नुभयो । भारत र रुसबीचको २२ औँ वार्षिक शिखर सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदी र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले रक्षाए व्यापार सम्बन्धए लगानी सम्बन्धए ऊर्जा सहयोगए शिक्षाए संस्कृति र जनस्तरको आदानप्रदानलगायत द्विपक्षीय मुद्दाहरूको समीक्षा गर्नुहुनेछ। उहाहरूले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी विकासबारे पनि दृष्टिकोण आदानप्रदान गर्नुहुनेछ । दुवै नेताले ब्रिक्सए साङ्घाई सहयोग संगठनए जी–२०, पूर्वी एशिया शिखर सम्मेलन र संयुक्त राष्ट्रसंघजस्ता समूहमा द्विपक्षीय संलग्नताको स्थितिको पनि समीक्षा गर्नुहुनेछ ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी -रुस -२**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत एक शान्तिपूर्ण र स्थिर क्षेत्रको निम्ति सहायक भूमिकानिभाउन इच्छुक रहेको बताउनुभएको छ। प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ - तिन दिवशीय रूस र अस्ट्रिया भ्रमणमा रहदा यी देशहरूको साथ सम्बन्धहरूलाईअझ् प्रगाढ़ बनाउन यी यात्राहरूले एक शानदार अवसर हुनेछ। उहाले अझ भन्नुभएको छ - म यी देशहरूमा बस्ने भारतीय समुदायको साथ चर्चा गर्न पनि उत्सुक छु।प्रधानमन्त्री श्री मोदीले भारतर रूसबीच विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी गत १० वर्षमा उर्जाएसुरक्षाए व्यापारए निवेशए स्वास्थ्यए शिक्षाए संस्कृतिए पर्यटन र मानिसहरूबीचआदान-प्रदानको क्षेत्रमा अगाड़ी बढ़ेको बताउनुभएको छ। उहाले राष्ट्रपति व्लादिमीर पुतिनको साथ द्विपक्षीय सहयोगका सबै बिन्दुहरूको समीक्षा गर्न र विभिन्न क्षेत्रीय रवैश्विक मामिलाहरूमा दृष्टिकोण साझा गर्न उत्सुक रहेको बताउनु भएको छ।

****** ० ******

**नीट.२०२४ परीक्षा**

सर्वोच्च न्यायालयले आज नेशनल एलिजिबिलिटी-एंट्रेंस टेस्ट, नीट-यूजी संग सम्बन्धित याचिकाहरु माथी सुनवाई गरेको छ स यसमा एनईईटी-२०२४ परीक्षामा अनियमितताको आरोप र नयाँ परीक्षा सञ्चालन गर्न निर्देशको माग गर्दै दर्ता गरिएको याचिकाहरू समावेश छन्। एक याचिकाकर्ताका वकिलले न्यायालयलाई प्रश्नपत्र लीकए ओएमआर शीटमा गडबडी र नाकलको

कारण परीक्षा रद्द गर्ने बताएका थिए। जवाफमा न्यायालयले परीक्षा रद्द गर्नु नै अन्तिम उपाय हुनुपर्ने बताएको छ। मुख्य न्यायाधीश डी.वाई. चन्द्रचूडले भन्नुभएको छ - परीक्षाको पवित्रताको उल्लङ्घन गरिएको छ र परीक्षा पुन: गर्नु अघि पेपर लीकको बारेमा जान्नु महत्त्वपूर्ण छ। मुख्य न्यायाधीश डी.वाई. चन्द्रचुड , , न्यायाधीश जेबी पार्दीवाला र मनोज मिश्रा की पीठले कुल 38 याचिकाहरु माथी सुनवाई गरेको छ।

****** ० ******

**झारखंड हेमंत सोरेन मन्त्रीमंडल**

झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनले विधानसभामा विश्वास मत प्राप्त गरेपछि आज आफ्नो मन्त्रिमण्डल विस्तार गरेका छन्। पूर्व मुख्यमन्त्री चम्पाई सोरेनलाई मन्त्रिमण्डलमा सामेल गरिएको छ। राज्यपाल सी.पी. राधाकृष्णनले राजभवनमा मंत्रीहरुलाई शपथ ग्रहण गराउनु भयो । शपथ लिएका ११ जना विधायक मध्ये झामुमोका ६ जनाए कांग्रेसका ४ जना र राष्ट्रिय जनता दल (राजद) का १ जना सामेल छन्।

****** ० ******

**पश्चिम बंगाल-हत्या**

पश्चिम बंगालमा फेरि एकजना व्यक्तिको कुटेरै हत्या गरिएको छ। घटना आइतबार राती उत्तर २४ परगनाको ब्यारकपुर क्षेत्रमा घटेको बताइएको छ। हत्या भएका व्यक्ति सत्तारूढ़ पार्टी तृणमूल कंग्रेसका कार्यकर्ता थिए। प्राप्त रिपोर्ट अनुसार , गत आइतवार राती ब्यारकपुरको सुकान्तपल्ली इलाकामा दुर्गा पूजा समितिको बैठक आयोजना गरिएको थियो। यस बैठक अवधि सृजित विवादको कारणले पार्थ चौधरी नामक व्यक्तिलाई यति धैरै कुटपिट गरियो कि उसको मृत्यु भएको थियो। प्रशासनले मामिलाको जाँच शुरू गरिसकेको छ।

****** ० ******

**ममता ब्यनर्जी -सेभ लाईफ**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले राज्य सरकारको श्सेफ ड्राइभए सेभ लाइफश अभियानले सड़क दुर्घटनाहरूलाई निकै हदसम्म कम गर्नमा मद्दत पुऱ्याएको दाबी गर्नुभएको छ । श्सेफ ड्राइभए सेभ लाइफश अभियानको आठौँ वर्षगाँठको अवसरमा मुख्यमन्त्री ब्यर्नजीले मानिसहरूलाई सड़क दुर्घटनाहरूलाई रोक्नका लागि सड़क सुरक्षालाई अधिक महत्व दिने आग्रह गर्नुभएको छ स

****** ० ******

पश्चिम बंगाल- नगरपालिका भर्ती घोटाला

पश्चिम बंगालको नगरपालिका भर्ती घोटाला मामिलामा केन्द्रिय अन्वेषण ब्यूरो (सीबीआई)-ले आरोपपत्र दर्ता गरेको छ। यस आरोप पत्रमा सीबीआईले भर्तीमा भएको अनियमितता कसरी र कहाँबाट शुरू भयोए यसलाई कसरी परिणामसम्म पुऱ्याइयो भन्ने कुराहरू विस्तारपूर्वक बताएको छ। सूत्र अनुसार, विभिन्न ग्रेडका पदहरूको लिखित परीक्षाको लागि एउटै प्रकारका प्रश्नहरू सोधिएको थियो। ग्रुप सी र ग्रुप डीका पदहरूको लागि सोधिएका प्रश्नहरू सय प्रतिशत समान थिए जुन कुनै पनि व्यवसायिक ढंगमा आयोजित भर्ती परीक्षाको लागि असम्भव छ। सिल नगरपालिका तथा स्कूल नोकरी भर्ती घोटालाका मुख्य आरोपी हुन्।

****** ० ******

**सिलगडी -अजिंगर उद्धार**

सिलगडीको फराबारी नेपाली बस्तीमा १५ फिट लामो अजिंगरको उद्धार गरिएको छ स्थानीय नागरिकहरुले अजिङ्गरले पूरै बाख्रा निल्न खोजेको देखेपछि डबग्राम रेन्जका अधिकारीहरूलाई सूचना दिइयो स पछि वन अधिकारीहरूले अजिंगरलाई उद्धार गरेपछि बैकुण्ठपुर जङ्गलमा छोडिएको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**पश्चिम बङ्गाल -नगरपालिका**

पश्चिम बंगालको नगरपालिका भर्ती घोटाला मामिलामा एक प्रमुख संदिग्ध देवेश चक्रवर्तीलाई सीबीआईले जाँचबुझको लागि समन पठाएको छ। सीबीआईले चक्रवर्तीलाई चाँड़ोभन्दा चाँड़ो कोलकातास्थित निजाम प्यालेस कार्यालयमा उपस्थित हुने आग्रह गरेको छ।

****** ० ******

**बङ्गाल- ज्योति बसु**

पश्चिम बङ्गालका पूर्व मुख्यमन्त्री ज्योति बसुको १११ औँ जन्मजयन्तीको अवसरमा उहालाई सम्झना गरिएको छ । सिलगडी स्थित पार्टी कार्यालय अनिल विश्वास भवन लगायत सम्पूर्ण विभागका सबै पार्टी कार्यालयमा उहाको तस्वीरमा माल्यार्पण गरिएको रिपोर्टमा बताइएको छ ।यस कार्यक्रममा सिलिगुडीका पूर्व मेयर अशोक भट्टाचार्यए जिवेश सरकारए जिल्ला सीपीआई (एम) सचिव समन पाठकए लगायत अन्य नेताहरू उपस्थित थिए।

****** ० ******

**विमल गुरूङ**

गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष विमल गुरूङले राज्य सरकारलाई पत्राचार गर्दै जीटीएले आफ्नो अधीनमा रहेका हटए बङ्लो तथा टुरिष्ट लजहरू एकदमै सस्तो मूल्यमा लीजमा दिएको बताउँदै उक्त लीजलाई खारेज गर्नुपर्ने माग गर्नुभएको छ द्य आज एक पत्रकार सम्मेलन मार्फत गो.ज.मु.मो महासचिव रोशन गिरीले यस आशय बारे जानकारी गराउनु दिनुभएको छ द्य उहाले सन्दकफूमा रहेका ६ वटा लज अनि सिलगढ़ीको दार्जीलिङ मोड़स्थित जीटीएको भवन एकदमै सस्तो मूल्यमा लीजमा दिइएको बताउनु हुदै उक्त लीजलाई खारेज गर्नुपर्ने माग राज्य सरकार समक्ष गर्नुभएको छ।

****** ० ******

**डा. एडोन रोंगोंग स्मृति कार्यक्रम**

नेपाली साहित्यका वरिष्ठ साहित्यकार रेभरेन्ट डा. एडोन रोंगोंगको स्मृति कार्यक्रममा परिवार पक्षबाट सालबारीको सबिता गोम्देन साहित्य कक्षमा एक कार्यक्रमबीच साहित्यकारहरूलाई सम्मानित गरिएको छ। उक्त कार्यक्रममा डा एडोन रोंगोंग परिवारको पक्षमा उहाकी पत्नी मन्नु रोंगोंग अनि छोरी एकता रोंगोंगको बाहुलीबाट साहित्यकारहरूलाई सम्मानित गरिएको छ। कार्यक्रममा डा.एडोन रोंगोंगको स्मृति कार्यक्रममा आयोजित विमर्श कार्यक्रममा सहभागी वरिष्ठ साहित्यकारहरू ज्ञानेन्द्र खतिवड़ा र मोहन ठकुरीलाई सम्मान जनाइएको छ।

****** ० ******

**माकपा नेता तारा सुन्दास - सय दिने रोजगार**

कालेबुङको ग्रामिण क्षेत्रका मानिसहरुले सय दिने रोजगारको पैसा आज सम्म पनि नपाएको गुनासो प्रकाशमा आएको छ स उक्त कुराको उठान गर्दै मा.क.पा. नेता तारा सुन्दासले पैसा पसेको नपसेको सबै व्यवस्था गर्ने काम जि.टि.ए को रहेको बताउनुहुदै गरीब जनताको पक्षमा वकालत गर्ने कोहि नभएको वताउनु भएको छ । यसरी नै लाभार्थीहरूले पनि आफ्नो खातामा रकम नआएको गुनासो पोखेका छन्।

****** ० ******

**विधायक निरज जिम्बा**

वर्तमान पहाडमा परिरहेको अविरल झरीलाई मध्यनजर गर्दै दार्जीलिङ विधान सभा क्षेत्रका विधायक निरज जिम्बाले आपतकालीन सहयोग पुऱ्याउन हेतु चौध वटा समष्टिहरुमा तारपोलिन वितरण कार्यको शुरुआत गर्नुभएको छ यसैक्रममा विधायक जिम्बा द्वारा दार्जीलिङ ब्राञ्च कमिटी अन्तर्गत रहेका प्रत्येक समष्टिलाई तीस वटा तारपोलिन वितरण गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**सृष्टि प्रधान सी.आइ.एस.सी.ई**

मिरिक अन्तर्गत सौरैनी ग्रीन लन स्कुलका छात्रा सृष्टि प्रधानले सी.आइ.एस.सी.ई (बैब्म्द्ध गेम्स् एण्ड स्पोर्टस् २०२४ मा दोस्रो स्थान हासिल गरेकी छन् । उक्त कार्यक्रम ५ अनि ६ जुलाईमा कोलकाता टोलीगञ्जमा आयोजना गरिएको थियो । उनले सी.आइ.एस.सी.ई. गेम्स् एण्ड स्पोर्टस् २०२४ मा कुमिते अन्डर १९ महिला प्रतियोगितामा दोस्रो स्थान हासिल गरी रजत पदक जितेकी छिन्। सुश्री प्रधानले प्रतियोगितामा दार्जीलिङ जिल्लाको प्रतिनिधित्व गरेकी थिइन ।

****** ० ******

**टुङ् सन्तमेरिज - चल्ला वितरण**

टुङ् सन्तमेरिज अन्तर्गत सन्तमेरिज ग्राम पंन्चयत एकमा खरसाङ खण्ड अधिनस्थ ए.आर.डी विभाग द्वारा सन्तमेरिज ग्राम पन्चायत एकका समिति सदस्याहरूको पहलमा तिन सय लाभार्थीहरुलाई तीनहजार कुखुराको चल्ला वितरण गरिएको छ। उक्त चल्ला वितरण कार्यक्रममा समिति कर्म अध्यक्ष प्रमिला तामङए सदस्या रिता राई बबी तामङ्, ग्राम पन्चायत प्रधान रोशन सुब्बाए खरसाङ खण्ड ए.आर.डी. विभाग अधिकारी बि.एल.डी.ओ निहार भौमिकए एम.भी.सी. डाव अन्कुर शर्मा अनि दिपेन्द्र प्रधानको विशेष उपस्थिति रहेको थियो।

****** ० ******